# आधिकारीक प्रतिनिधिको जानकारी सम्बन्धमा जरूरी अनुरोध !

यस राजदूतावासले मागपत्र प्रमाणीकरण सम्बन्धी कामलाई थप व्यवस्थित, नियमित, पारदर्शी र प्रभावकारी ढंगले सम्पादन गर्न एवं नेपाल सरकार (मन्त्रिपरिषद्) ले साउदी अरवमा आउने नेपाली कामदारहरूका लागि निर्धारण गरेको मासिक न्यूनतम पारिश्रमिक कार्यान्यनमा लैजाने उद्देश्यका साथ गत जनवरी २०२१ देखि अनलाईन प्रणालीमार्फत मागपत्र प्रमाणीकरण गरिरहेको व्यहोरा विदितै छ।

अनलाइन प्रणाली शुरूगरेदेखि हालसम्म राजदूतावासबाट रोगजारदाता कम्पनीले पेश गरेका ११००० भन्दा बढि मागपत्र (**एक लाख वीसहजार** नेपाली कामदारको लागि) प्रमाणीकरण भईसकेको छ। यसै क्रममा **नेपालका ५३४ वटा इजाजतपत्रवाला** कम्पनीहरू र साउदी अरबका **१०२०० भन्दा बढि** कम्पनीहरुसँग सहकार्य भएको छ। योसँगै साउदी अरवमा रहने नेपालीको संख्या करीव चारलाख भन्दा बढि हुने अनुमान छ।

यसरी मागपत्र प्रमाणीकरण लगायत साउदी अरवमा यहाँको कम्पनीबाट पठाएका नेपाली नागरिकलाई तोकिएको सेवा सुविधा लगायतको अन्य विषयमा कुनै समस्या परेमा दूतावाससँगको सहकार्यमा समाधान गर्ने काम समेतको लागि तपाईको कम्पनीको तर्फबाट एक जना **नेपाली नागरिकलाई** निजको निम्न लिखित विवरण उल्लेख गरी आधिकारीक प्रतिनिधि तोकि यथशिघ्र पठाईदिने व्यवस्था हुन अनुरोध छ।

**तपसील:**

नाम :

ठेगाना (नेपालको) :

राहदानी नं :

मोवाइल नं (नेपाल र साउदी अरव उपलब्ध भएसम्म दुवै) :

इमेल :

**पुनश्च:**

१. अव उप्रान्त स्वीकृत भएका मागपत्रको राजश्व बुझाउने लगायत मागपत्र प्रमाणीकरण सम्बन्धी अन्य काम कि रोजगारदाता कम्पनीको आधिकारीक कर्मचारी वा सम्बन्धित इजाजतपत्रवाला कम्पनीको आधिकारीक प्रतिनिधि (नेपाली नागरिक) ले मात्र गर्न सक्ने भएकोले सोही अनुसार गर्न/गराउने व्यवस्था हुनको लागि समेत अनुरोध छ।

२. मागपत्र सम्बन्धी कुनै गुनासो/समस्या भएमा दूतावासको इमेल ठेगाना **demandriyadh@gmail.com** मार्फत मात्र पत्राचार गर्नुहुन समेत अनुरोध गरिन्छ।

**मितिः २०७८।१०।१३**